# मालिकार्जुन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शंकरपुर , दार्चुला, सुदूरपश्चिम प्रदेश , नेपाल

प.स.२०७६/०७७
च.नं.

मिति-२०७६/१०/१४

सुचना। सुचना।। सुचना।।।

प्रथम प्रटक प्रकासन मिति २०७६/१०/१४

**सानाँ सिचाइँ निर्माण तथा मर्मत सम्भार कार्यक्रमको निवेदन आह्वान**

उपरोक्त विषय सम्वन्धमा यस मालिकार्जुन गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७६/०७७ मा शर्शत अनुदान कार्यक्रम अनुसार सानाँ सिचाइँ निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गर्नका लागी कृषि पेशामा संलग्न इच्छुक कृषक समुह, कृषि सहकारी संस्थाहरुलाई निम्न मिति र स्थानमा कार्यालय समय भित्र तपशिल अनुसारका कागजात संलग्न राखी निवेदन पेश गर्न हुन यो सुचना प्रकासित गरिएको छ। तोकिएको ढाचाँ अनुसारको निवेदन दर्ता गराउन हुन समेत जानकारीका लागी यो सुचना प्रकासित गरिएको छ।

तपशिल-

१ पेश गर्नु पर्ने आवश्यक कागजातहरु –

क तोकिए ढाचाँ अनुसारको निवेदन फारम रु १० को टिकट टाँसी अनुसुची फारम क ख ग फारमको पुर्ण विवरण समेत भर्नु पर्ने छ।

ख कृषक समूह दर्ताको प्रमाणपत्र , समूह सदस्यको नागरिकता , समूह निर्णय , जग्गाधनी लालपुर्जाको फोटोकपी

ग सानाँ सिचाँइ विशेष कार्यक्रम अन्तर्गत स-सानाँ वाधँ कुलो निर्माण , कुलो मर्मत , पोलिथिन पाइप वाट सिचाँई , सिचाई पोखरी निर्माण र ट्यांकी निर्माणका लागी कृषक समूह सहकारी संस्थाहरुवाट आयोजना लागतको कम्तिमा १५ प्रतिसत नगद वा श्रमदान वा दुवै व्यहोर्ने गरी लागत अनुमान सहितको कार्ययोजना साथै निवेदन दस्तुर वापत सानाँ सिचाँई निर्माण तथा मर्मत सम्भारका लागी रु १०० तिरेको नगदी रसिदको सक्कलै प्रति र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

घ आयोजना माग गर्दा आयोजना क्षेत्र भित्रका समूह ,सहकारी सदस्यहरुले कार्य सम्पन्न भए पछी समान रुपले पानी उपभोग गर्न पाउने गरी सम्बन्धित व्यक्तिले समूहको नाममा गरेको सम्झौता पत्र निवेदन साथ संलग्न हुनु पर्नेछ।

**२ निवेदन दर्ता गराई सक्नु पर्ने अन्तिम मिति-** २०७६/११/५ गते भित्र

**३ दर्ता गर्ने स्थान-** मालिकार्जुन गाउँपालिका कृषि विकास साखा शंकरपुर दार्चुला

४ निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट दर्ता गराई सक्नु पर्ने छ।

**नोट** – गत आ.व. मा साँना सिचाँई आयोजना प्राप्त गरेका समूह तथा अन्य कुनै निकायवाट सिचाँई पाएका कृषक समुहलाई प्राथमिकता दिन सकिने छैन।

जय सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Email:-mrmdarchula@gmail.com